# भद्रपुर नगरपालिका कार्यालय

भद्रपुर, झापा

## अन्तिम लेखापरीक्षण प्रतिवेदन

आ. व. ०६८/६९

### १. आय तर्फ

<table>
<tr><th>सि नं.</th><th>भौ. नं. र मिति</th><th>विवरण</th><th>नियमित गर्नुपर्ने</th><th>असुल गर्नुपर्ने</th><th>जम्मा बेरुजु</th></tr>
<tr><td>१</td><td colspan="2">भद्रपुर नगरपालिका कार्यालयमा “ग” समूहका चालु,पूँजिगत,आन्तरिक तथा दातृ निकाय गरि जम्मा ४ वटा आम्दानी खाताहरु रहेका छन । जुन नेपाल सरकारको नियमानुसार फ्रिज नहुने खाताहरुको आम्दानी, खर्च तथा बाँकी मौज्दातको विवरण तपसिल अनुसार उल्लेख गर्न सकिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>खाता नम्बर</th><th>आम्दानी रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>१</td><td>चालु आम्दानी खाता</td><td>ग-४-१/०२</td><td>१,७७४,००३।१९</td><td>१,७७४,०००।००</td><td>३।१९</td></tr>
<tr><td>२</td><td>पूजिगत आम्दानी खाता</td><td>ग-४-२/०२</td><td>४०,१०३,५८५।८५</td><td>३८,४६६,११३।१८</td><td>१,६३७,४७२।६७</td></tr>
<tr><td>३</td><td>आन्तरिक आम्दानी खाता</td><td>ग-४-३/०२</td><td>८,६७०,६३१।५६</td><td>८,०३२,६२५।८७</td><td>६३८,००५।६९</td></tr>
<tr><td>४</td><td>दातृ निकाय आम्दानी खाता</td><td>ग-४-५/०२</td><td>४३,६६६,००५।११</td><td>४०,९२४,६५९।६४</td><td>२,७४१,३४५।४७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९४,२१४,२२५।७१</td><td>८९,१९७,३९८।६९</td><td>५,०१६,८२७।०२</td></tr>
</table>
बाँकी रु ५०,१६,८२७/०२ मध्ये नगदमा रु ८४,३४४/- तथा बैंकमा रु ४९,३२,४८३/०२ रहेको देखिन्छ जसको विवरण तपसिल अनुसारका खातागत विवरणमा उल्लेख गरिएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">१.१ चालु आम्दानी खाता ( ग-४-१/०२) तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td colspan="2">➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु ३/१९ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="2">१.२ पूजिगत आम्दानी खाता ( ग-४-२/०२) तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td colspan="2">➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु १६,३७,४७२/६७ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको ।</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि नं.</th><th>गौ. नं. र मिति</th><th>विवरण</th><th>नियमित गर्नुपर्ने</th><th>असुल गर्नुपर्ने</th><th>जम्मा बेरुजु</th></tr>
<tr><td></td><td colspan="2">१.३ आन्तरिक आम्दानी खाता ( ग-४-३/०२) तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td colspan="2">➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु ६,३८,००५/६९ मध्ये रु ८३,९०४ नगदमा तथा बैंकमा रु ५,५४,१०१/६९ देखिएकोमा बैंक स्टेटमेन्टको विवरणमा रु ५,८०,३३५/७१ रही विगतको लेखापरिक्षण प्रतिवेदन अनुसार<br>आ.व. ०६५/०६६ को मिति २०६५/०४/३१ मा रु ८,२७९/२१<br>आ.व. ०६५/०६६ को मिति २०६५/०४/३१ मा रु ३,३२७/३८<br>आ.व. ०६६/०६७ को मिति २०६७/०१/०७ मा रु ७४०/००<br>आ.व. ०६७/०६८ को मिति २०६७/०४/३१ मा रु १३,८८३/७८<br>आ.व. ०६७/०६८ को बैंकमा बढी भएको रकम रु ३/६५<br>गरि जम्मा रु २६,२३४/०२ बैंकमा खाता भन्दा वढी बैंक मौज्दात रहेको देखिन्छ अतः सो रकम बेंक सँग समन्वयन गरि आम्दानी गर्नु पर्नेमा कैफियत गरिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>१.३.१</td><td>cfGtl/s cfo aSoftf ;DaGwdf M</td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td></td><td>विगत कैंयौं आ. व. देखि नगरपलिकामा विभिन्न ठेक्का कर, टहरा पसल भाडा व्यापार व्यवसाय कर, एकिकृत सम्पति करहरु आदिको ठुलो रकम बक्यौता देखिएको एवम् आ. व. ०६८/६९ को रकम समेत ठुलो बक्यौता देखिएको हुंदा कार्यालयले विशेष पहल गरी रकम असुल उपर गर्न सके नगरपालिकाको आन्तरिक आय रु ६४,४६,४०४/४३ ले बढ्न जाने देखिएको हुंदा तत्सम्बन्धमा अविलम्व पहल गर्नुपर्ने सम्बन्धमा प्रतिवेदन गरिन्छ । यस सम्बन्धी अन्य विवरण राजश्व शाखा अन्तरगत प्रमाणित रहेको विवरण लामो हुने भएकोले यसमा समावेस नगरिएको ।
<table>
<tr><th>विवरण</th><th>०६८/६९ सम्मको बक्यौता</th></tr>
<tr><td>आय ठेक्का बक्यौता</td><td>२५२७५७१।७५</td></tr>
<tr><td>पसल कोठा भाडा बक्यौता</td><td>१६८७६६।९६</td></tr>
<tr><td>व्यापार व्यवसाय कर बक्यौता</td><td>३३३८८०।००</td></tr>
<tr><td>एकिकृत सम्पति कर बक्यौता</td><td>१५३२४४२।१२</td></tr>
<tr><td>विज्ञापन कर बक्यौता</td><td>४०००।००</td></tr>
<tr><td>जग्गा मासिक कर बक्यौता</td><td>१४३६८३१।६०</td></tr>
<tr><td>बहाल कर बक्यौता</td><td>४३९१२।००</td></tr>
<tr><td>मनोरञ्जन कर बक्यौता</td><td>३९९०००।००</td></tr>
<tr><td>जम्मा</td><td>६४४६४०४/४३</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">आन्तरिक आयका शिर्षक एवम् उपशिर्षकहरु</td><td></td><td></td><td></td></tr>
</table>

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| ५ | | लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको । | | | |
| | **१.४ दातृ निकाय आम्दानी खाता ( ग-४-५/०२) तर्फ** | | | | |
| ६ | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु २७,४१,३४५/४७ मध्ये रु ४४०/- नगदमा तथा बैकमा रु २७,४०,९०५/४७ बैंक स्टेटमेन्टको विवरण अनुसारनै एस.वि.आई बिर्तामोडमा रु ५४७६२/९० तथा रा.वा.बैंक भद्रपुरमा रु २६,८६,१४२/५७ रहेको देखिएको । | | | |
| | | **जम्मा आम्दानी खाताहरुको बेरुजु रकम** | ०।०० | ०।०० | ०।०० |

## २. व्यय तर्फ

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|

भद्रपुर नगरपालिका कार्यालयमा "ग" समूहका चालु खर्च तथा पूँजिगत खर्च गरि जम्मा २ वटा मुख्य खर्च खाताहरु रहेका छन । जस खाताहरुको अलवा विभिन्न तपसिलमा उल्लेखित ७ वटा विषेश खाताहरु रहेका छन खाताहरुवाट आ.व. २०६८/०६९ मा भएको बजेट खर्चको विवरण तपसिल अनुसार उल्लेख गर्न सकिन्छ ।

| सि.नं. | खाताको नाम | खाता नम्बर | बजेट खर्च रकम |
|---|---|---|---|
| १ | चालु खर्च खाता | ग-२-१/०२ | २३,२३०,५८५।८७ |
| २ | पूजिगत खर्च खाता | ग-२-२/०२ | ५७,९१७,९७२।८२ |
| ३ | कर्मचारी कल्याण कोष विषेश खाता | ग-५-१/०२ | ०।०० |
| ४ | मर्मत सम्भार कोष विषेश खाता | ग-५-२/०२ | ६,५०५,२५२।५९ |
| ५ | स्थानीय विकास घुम्ती विषेश कोष खाता | ग-५-३/०२ | ०।०० |
| ६ | प्रकोप व्यवस्थापन विषेश खाता | ग-५-४/०२ | ०।०० |
| ७ | क्षमता विकास विषेश कोष | ग-५-५/०२ | ३२३,६९०।०० |
| ८ | वातावरण विकास विषेश कोष | ग-५-६/०२ | १२४,५९५।०० |
| ९ | सामाजिक परिचालन विषेश कोष | ग-५-७/०२ | १,१८४,८८०।०० |
| **जम्मा खर्च रकम** | | | **८९,२८६,९७६।२८** |

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| **२.१ चालु खर्च खाता ( ग-२-१/०२) तर्फ** | | | | | |
| | ➢ खाता अनुसार बैंक बाँकी रकम नदेखिएको तथा बैंक स्टेटमेन्टको विवरणमा समेत सोहि व्यहोरा देखिएको । | | | | |
| १. | ३८७–०६९/०३/२८ | जिन्सी उपशाखा प्रमुख श्री नर बहादुर खतिवडामार्फत गत आ.व. ०६७/०६८ मा दमकलका कर्मचारीहरुको लागि आवश्यक मालसामानहरु खरिद गर्न भुक्तानी भएको रु २५,०००/– पेश्कीको फछ्यौट गर्ने क्रममा स्थानीय निकाय ( आर्थिक प्रशासन ) नियमावली २०६४ को नियम ७६ अनुसारको सोझौ खरिद प्रक्रिया मार्फत भए पनि सो मालसामानहरुको जिन्सी दाखिला गर्ने क्रममा अपनाउनुपर्ने दाखिला रिपोर्ट मार्फत जिन्सी आम्दानीनै नभई पेश्की फछ्यौट भएको देखिन्छ जस अनुसार सो मालसामानहरुको उचित स्थानमा प्रयोग भएको औचित्य रहदैन अतः सो जिन्सीका आवश्यक प्रक्रिया पुरा गरि नियमित गरिनुपर्ने | २५०००।०० | | २५०००।०० |
| २. | ३९३–०६९/०३/२८ | कृष्ण ट्रेडिङ्गमार्फत खरिद भएको सडक बत्ती सम्बन्धी मालसामानहरु जिन्सीका आवश्यक प्रक्रिया पुरा गरि खरिद आदेश स्विकृत गराई सामान प्राप्त भए पश्चात मालसामानहरुको कार्यालयमा आम्दानी गर्ने जिन्सी फारम दाखिला रिपोर्टको स्वीकृती विनानै सो सडक बत्तीका सामानहरु प्रयोग भएको देखिन्छ अतः सो पशलवाट प्राप्त भएको सडक बत्ती सम्बन्धी मालसामानहरुको जिन्सी श्रेष्ता अनुसारको फारमहरु कार्यालय प्रमुखवाट स्विकृत गराई नियमित गराउनुपर्ने | ४००००।०० | | ४००००।०० |
| ३. | खाता अनुसार बाँकी रकम नभएको तथा बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | | |
| **२.२ पूँजिगत खर्च खाता ( ग-२-२/०२) तर्फ** | | | | | |
| | ➢ खाता अनुसार बैंक बाँकी रकम नदेखिएको तथा बैंक स्टेटमेन्टको विवरणमा समेत सोहि व्यहोरा देखिएको । | | | | |
| ४. | ३८–०६८/०६/२६<br>५८–०६८/०८/०५<br>१००–०६८/०९/२८ | कार्यालयको अतिथि गृह मर्मत सम्भारको कार्य सञ्चालन गर्दा रु ३,२२,८१८/२७ को लागत अनुमान तयार गरि अमानत मार्फत सव–ईञ्जिनियर श्री सुजित कुमार कर्णलाई यस दफामा उल्लेखित प्रथम भौचरवाट रु ५०,०००/– तथा दोश्रो भौचरवाट रु १,००,०००/– पेश्की भुक्तानी भई तेश्रो भौचरवाट माथि उल्लेखित जम्मा रकम रु १,५०,०००/– पेश्की फछ्यौट गरि रु १,३२,९६७/– भुक्तानी भई जम्मा रु २,८२,९६७/– खर्च भएको देखिन्छ । अतः यस सम्बन्धी सार्वजनिक खरिद नियमावलीको नियम ९८ को उपनियम १ को प्रक्रिया एक तह माथिको पूर्व स्विकृत लिनु पर्नेमा नगरपालिकाको निर्णय मार्फत सो पुरा गरिएतापनि सोहि नियमको उपनियम ३ अनुसारको बजेटको सिमा रु १ लाखको परिधि नाघेकोले औचित्यको आधारमा काम सम्पन्न भएको देखिएतापनि अव आईन्दा यस प्रकारको नियम मिचेर काम गर्ने गराउने प्रक्रियालाई निरुसाहित गर्न सुचित गरिन्छ । | | | |
| ५. | ११२–०६८/०९/२८ | कार्यालय भवन,बारुणयन्त्र तथा अधिकृत क्वाटरमा जडान भएका खानेपानीका धाराहरु मर्मतको लागि रिया ट्रेडिङ्ग भद्रपुर, झापावाट रु ४,४४७/– वरावरको मर्मतका सामान खरिद गर्दा नियमानुसार खरिद आदेश स्विकृत गराई प्राप्त मालसामानहरुको जिन्सीमा दाखिला गरी सामानहरु प्रयोग गरिनुपर्नेमा सो नभएकोले जिन्सी श्रेष्ता अनुसारको फारमहरु कार्यालय प्रमुखवाट स्विकृत गराई नियमित गराउनुपर्ने | ४४४७।०० | | ४४४७।०० |

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| ६. | १६५–०६८/१२/०८ | कार्यालयमा रहेको सवारी साधन मर्सीटिज बेञ्च गाडि नं. मे.१ च. ५०२ को ईन्जिन मर्मत गर्दा भुक्तानी भएको विल अनुसारको रकम पूर्वी आधारसिला अटो सेन्टरलाई रु ४,३९,९८७/–सो सवारी साधनको मर्मतको लागि स्थानीय निकाय ( आर्थिक प्रशासन ) नियमावली को नियम १५३ मालसामान मर्मत गराउनु पर्ने कार्यविधि अनुसार मालसामान मर्मत गराउनु पूर्व मर्मत सम्भार गराउनु पर्ने व्यहोराको लिखित जानकारी स्थानीय निकायको प्रमुखलाई दिई यस नियमावलीमा उल्लेख भए अनुसारको लागत अनुमान स्विकृत गराई मर्मत गराउदा कुनै मालसामान, उपकरण वा पाटपूर्जा फेरवदल गर्नु पर्ने भएमा त्यस्तो मालसामान, उपकरण तथा पाटपूर्जा मौज्दातमा नभए खरिद ऐन तथा नियमावलीको प्रक्रिया पुरा गरि खरिद गर्नु पर्नेमा सार्वजनिक खरिद ऐन को दफा ४१ को उपनियम १च बमोजिम सम्बन्धित कामको लागि कुनै विशिष्ट (युनिक) योग्यता भएको खास परामर्शदाताको सेवा तत्काल आवश्यकता भएमा वा साविकको परामर्शदाताबाट नै सेवा लिनु पर्ने अपरिहार्य कारण देखाएर सोही दफाको उपनियम २ अनुसार आर्थिक प्रशासन शाखा प्रमुखको राय अनुसार यस भद्रपुर नगरपाकिाको सर्वोच निकाय नगरपालिकाको मिति २०६८/१०/०२ गतेको निर्णय अनुसार सोझै मर्मत खरिदको प्रक्रियावाट पूर्वी आधारसिला अटो सेन्टर मार्फत सो सवारी साधन मर्मत गराएको देखिन्छ । अतः सो सवारी साधन लेखा परीक्षणको सिलसिलामा निरिक्षण गर्दा त्यती धेरै वजेट खर्च गरि मर्मत गराउदा समेत संचालनमा नरहेकोले बजेट खर्च प्रक्रियामा त्रुटी स्पस्ट देखिन्छ । औचित्यको आधारमा सो खर्च प्रमाणित भएको देखिदैन त्यसैले अव आईन्दा यस प्रकारको ऐनको सोझै खरिदको व्यवस्थालाई यस प्रकारको दोहारो अर्थ लाग्ने राय अनुसार नियम मिचेर काम गर्ने गराउने प्रक्रियालाई निरुसाहित गर्न आर्थिक प्रशासन जस्तो गरिमामय शाखा प्रमुखलाई सुचित गरिन्छ । | | | |
| ७. | २२६–०६९/०२/२९ | विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाईदा पुर्याउने कार्यक्रममा विनियोजित बजेट मार्फत भद्रपुर पारालिगल समितिले महिला सशक्तिकरण र लैङ्गिक विषय सम्बन्धी रु १,००,०००/– को प्रशिक्षण कार्यक्रम संचालन गर्दा नगरपालिका सँग सम्झौता भए अनुसारको स्विकृत प्रस्तावमा उल्लेख भएको हल भाडा वापतको रु ६,०००/– प्रस्ताव संसोधन गरिएको कुनै व्यहोरा प्रस्तुत तथा स्विकृतीनै नगरि सो रकम अनुगमनमा खर्च गरि संचालित कार्यक्रम अनुसारको रकम भुक्तानी लगेको देखियो । अतः स्विकृत प्रस्ताव विपरित भुक्तानी भएको रकम असुल उपर गर्नु पर्ने देखिन्छ । | | ६०००\|०० | ६०००\|०० |
| ८. | २८७–०६९/०३/०८ | विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाईदा पुर्याउने फोहोर मैलावाट मल बनाउने तालीम कार्यक्रममा विनियोजित बजेट रु ७५,०००/– भुक्तानी गर्दा सामुदायिक विकास शाखा प्रमुख श्री प्रमोद प्रधानले प्रतिवेदन तयारी खर्च वापत भुक्तानी लिनु भएको रु १,५००/– नियमनुसार १५ प्रतिशत कर रु २२५/– कट्टा गरि भुक्तानी हुनुपर्नेमा सो नभएकोले निजमार्फत असुल उपर गर्नु पर्ने देखिन्छ । | | २२५\|०० | २२५\|०० |
| ९. | २५६–०६९/०२/२६<br>३५८–०६९/०३/२८ | नेपाल सरकारवाट प्राप्त स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तरगत नगर परिषदवाट स्विकृत सडक ग्राभेल गर्ने योजनाहरुको लागि रु ३,८०,०००/– को लागत अनुमान तयार गरि अमानत मार्फत सव-ईञ्जिनियर श्री सुजित कुमार कर्णलाई यस दफामा उल्लेखित प्रथम भौचरवाट | | | |

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | रु १,००,०००/- तथा दोश्रो भौचरवाट रु २,००,०००/- पेश्की भुक्तानी भई जम्मा रु ३,००,०००/- पेश्की खर्च भएको देखिन्छ । अतः यस सम्बन्धी सार्वजनिक खरिद नियमावलीको नियम ९८ को उपनियम १ को प्रक्रिया एक तह माथिको पूर्व स्विकृत लिनु पर्नेमा नगरपालिकाको निर्णय मार्फत सो पुरा गरिएतापनि सोहि नियमको उपनियम ३ अनुसारको बजेटकको सिमा रु १ लाखको परिधि नाघेको तथा आर्थिक वर्षको अन्तमा बजेट खर्च गर्ने उद्देश्यले पेश्की माथि पेश्की भुक्तानी भएको स्पस्ट देखिन्छ । अव आईन्दा यस प्रकारको नियम मिचेर काम गर्ने गराउने प्रक्रियालाई निरुसाहित गर्न सुचित गरिन्छ । | | | |
| १०. | ➢ खाता अनुसार बाँकी रकम नभएको तथा बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | | |
| **२.३ कर्मचारी कल्याण कोष विषेश खर्च खाता ( ग-५-१/०२) तर्फ** | | | | | |
| ११. | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बेंक बाँकी रकम रु ७,०१,३३८/०७ मध्ये बैंक स्टेटमेन्टको विवरणमा रु ७,००,५८०/९३ रही विगतको लेखापरिक्षण प्रतिवेदन अनुसार सो खातामा रु ७५७/१४ बैंकमा खातामा भन्दा कमी बैंक मौज्दात रहेको देखिन्छ अतः सो रकम बेंक सँग उचित समन्वयन गरि हिसाव मिलान गर्न कैफियत गरिन्छ । | | | |
| **२.४ मर्मत सम्भार कोष विषेश खर्च खाता ( ग-५-२/०२) तर्फ** | | | | | |
| १२. | २१-०६८/०७/०४ | जिल्ला प्रशासन कार्यालयलाई रु ७०००/- को मोवाईल १ थान फोटोकपी पेपर रु ३०००/- गरि जम्मा रु १०,०००/-भुक्तानी गर्दा नियमानुसार खरिद आदेश स्विकृत गराई प्राप्त मालसामानहरुको हस्तान्तरण फारम मार्फत विल भुक्तानी गरि नगरपालिकावाट स्विकृत गर्नुपर्ने भएपनि सो नभएकोले जिन्सी श्रेष्ता अनुसारको फारमहरु कार्यालय प्रमुखवाट स्विकृत गराई नगरपालिकावाट नियमित गराउनुपर्ने | १००००।०० | | १००००।०० |
| | ➢ खाता अनुसार देखिएको बाँकी रकम रु ४२,६४९/१९ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | | |
| **२.५ स्थानीय निकाय घुम्ती कोष विषेश खर्च खाता ( ग-५-३/०२) तर्फ** | | | | | |
| १३. | | आ.व. २०६८/०६९ मा नगरपालिकावाट संचालित शहरि गरिवी न्यूनीकरण तथा गाउँ नगर साझेदारी कार्यक्रमका समुह तथा समुह सदस्यहरुलाई गरिएको ऋण लगानीको असुली भएको साँवा रु २,६२,८२१/- तथा व्याज रु ११,६६८/- वापतको जम्मा रकम रु २,७४,४८९/-नगरपालिकाको आन्तरिक आय खातामा जम्मा भएको देखिन्छ । आर्थिक प्रशासनशाखाले बैंक नगदी किताबमा उल्लेखित कैफियत अनुसार सो कुन कुन समुह तथा सदस्यहरुवाट प्राप्त भएको हो सोको स्पस्ट जानकारी कार्यक्रम संचालन गर्ने सामुदायिक विकास शाखावाट नभएकोले यस स्थानीय निकाय घुम्ती कोष खातामा ट्रान्सफर नगरिएको व्यहोरा देखिन्छ । अतः सो ऋण लगानी तथा असुलीको विवरण यस लेखा परीक्षणको समयमा समेत प्राप्त नभएकोले कार्यक्रममा समेत स्पस्ट लापरवाहि देखिन्छ । | २७४४८९।०० | | २७४४८९।० |

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | अतः लगानीको स्पष्ट विवरण निर्माण गरि प्राप्त लगानी फिर्ता को रकम यस खातामा जम्मा गर्दै लगानीको सुरक्षणको लागि सुचित गरि रकम जम्मा पश्चात नियमित हुने गरि उल्लेखित कागजात अनुसारको प्रक्रिया पुरा गरि नियमित गरिनुपर्ने देखिन्छ साथै सो माथि उल्लेखित कार्यक्रमहरु लागू भएको मिति देखि २०६९ आषाढ मसान्त सम्मको लेखापरीक्षण समेत गरेको पाईएन् । | | | |
| १४. | | ➢ खाता अनुसार देखिएको बाँकी रकम रु १,०५,२७०/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | |
| **२.७ प्रकोप व्यवस्थापन कोष विषेश खर्च खाता ( ग-५-४/०२) तर्फ** | | | | | |
| १५. | | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु २,५०,०००/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | |
| **२.८ क्षमता विकास कोष विषेश खर्च खाता ( ग-५-५/०२) तर्फ** | | | | | |
| १६. | ३-०६८/०४/०२ | विराट परामर्श सेवा जोरपाटी, काठमाडौंलाई नगरपलिकाको आगामी आ.व.को राजश्व प्रक्षेपण को सम्भाव्यता अध्ययन गर्नको लागि मिति २०६८/०२/१० गते सम्बन्धित पक्षको निवेदनको आधारमा रु १,००,०००/- को सम्झौता गरि रु ४०,०००/- पेश्की भुक्तानी भए पनि सम्झौताको दफा ५ मा उल्लेख भएको व्यहोरा विपरित हाल सम्म उक्त फर्मले प्रतिवेदन नबुझाएको, सम्पर्कमा नरहेको तथा पेश्की फरफारक गर्ने गराउने कार्य समेत नगरपालिकावाट नगरेको हुँदा सम्झौताको दफा ८ मा यस सम्झौतामा उल्लेख भएको बाहेका विषयहरु प्रचलित कानून अनुसार हुने बमोजिम सो सम्झौता गरिएको जोरपाटी - ५ अर्याल गाउँमा रहेको आन्तरिक राजश्व कार्यालय काडमाडौं क्षेत्र नं. १ बबरमहलमा पान नं. ३०३७६९१२३ ( भ्याट समेत दर्ता ) तथा घरेलु तथा साना उधोग कार्यालय काठमाडौं मा २३११/१८ वाट दर्ता भएको सुप्रिया निरौला/ राधा धिमिरे प्रोपाईटरी रहेको सस्था विराट परामर्श सेवालाई आवश्यक कारवाहि गरि उक्त पेश्की असुल उपर गर्ने गरि बेरुजु असुल उपर गर्ने बेरुजु | | ४००००\|०० | ४००००\|०० |
| १७. | ९-०६९/०३/२८ | सामुदायिक विकास शाखा प्रमुख श्री प्रमोद प्रधानमार्फत क्षमता विकास कार्यक्रम मार्फत नगरपालिकाका राजनैतिक दलका प्रतिनिधि तथा बार्ड सचिवहरुलाई लैङ्गिक समानता र समावेशी योजना तर्जुमा तालिम संचालन गर्दा रु ५०,०००/- बजेट विनियोजन भै खर्च भएको रकम मध्ये स्विकृत प्रस्तावको विविध शिर्षकमा तोकिएको स्विकृत बजेट भन्दा बढी खर्च भएको रकम रु ६००/- तालिम संचालनकर्तावाट असुल गर्ने | | ६००\|०० | ६००\|०० |
| १८. | ९-०६९/०३/२८ | सामुदायिक विकास शाखा प्रमुख श्री प्रमोद प्रधानमार्फत क्षमता विकास कार्यक्रम मार्फत वडा उपभोक्ता समितिका सदस्यहरुलाई आयोजना व्यवस्थापन तालिम संचालन गर्दा रु ७५,०००/- बजेट विनियोजन भई खर्च भएको रकम मध्ये प्रशिक्षक पारिश्रमिकवापत भुक्तानी भएको रकम रु १,६००/- तथा सहभागीहरुलाई यातायात वापत भुक्तानी भएको रकम रु ३,६००/- संलग्न भौचर | | ५२००\|०० | ५२००\|०० |

| सि नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| | | तथा तालिम प्रतिवेदन अध्ययन गर्दा कुनै कागजात र भुक्तानीको भपाई नभएकोले सो यथार्थ खर्च भन्दा बढी भुक्तानी भएको रकम ५,२००/- तालिम संचालनकर्तावाट असुल गर्ने | | | |
| १९. | ➢ खाता अनुसार देखिएको बाँकी रकम रु १,७६,३१०/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | | |
| **२.८ वातावरण संरक्षण कोष विषेश खर्च खाता ( ग-५-६/०२) तर्फ** | | | | | |
| २०. | ४-०६८/०६/०७ | जुन ५ २०११ ( जेष्ठ २२ २०६८ ) मा सिम आयोजना तथा भद्रपुर नगरपालिकाको संयूक्त सहभागितामा विष्व वातावरण दिवस मनाउने गरि रु ३३,७००/- प्रस्ताव स्विकृत भई सामुदायिक विकास शाखा प्रमुखलाई १०,०००/- पेश्की भुक्तानी भएकोमा यस भौचरवाट फछ्यौट हुँदा स्विकृत भएको बातावरण दिवस संचालन गर्ने प्रस्ताव बाहेकको उधोग अनुगमन गर्न रु ६,०००/- गाडि भाडाको लागि भुक्तानी भएको रकम नियमित खर्च हो भनी मान्न सकिएन तसर्थ अव आईन्दा कार्यक्रम संचालनमा स्विकृत प्रस्ताव बाहेकको खर्च भुक्तानी नदिन आर्थिक प्रशासन शाखालाई सचेत गराउदै सो रकम रु ६,०००/- कार्यक्रम संचालनकर्ता श्री प्रमोद प्रधान मार्फत असुल उपर गर्ने | | ६०००।०० | ६०००।०० |
| २१. | ९-०६९/०२/२९ | जुन ५ २०१२ ( जेष्ठ २३ २०६९ ) मा पर्ने विष्व वातावरण दिवस मनाउने गरि रु २७,६५०/- प्रस्ताव स्विकृत भई वातावरण शाखा प्रमुख श्री हेमन्त नेपाललाई बातावरण दिवस संचालन गर्ने स्विकृत प्रस्तावमा उल्लेखित पानी/ खाजा/ चक्लेट खुवाउनको लागि रु १०,०००/- लागत भए पनि सो शिर्षकवाट भुक्तानीको समयमा रु १३,९४५/- खर्च भएको देखिन्छ । अतः सो बढी खर्च भएको रकम रु ३,९४५/- भुक्तानी भएको रकम नियमित खर्च हो भनी मान्न सकिएन तसर्थ अव आईन्दा कार्यक्रम संचालनमा स्विकृत बजेटलाईसमेत ध्यान दिई खर्च भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई सचेत गराउदै सो बढी खर्च भएको रकम रु ३,९४५/- कार्यक्रम संचालनकर्ता श्री हेमन्त नेपाल मार्फत असुल उपर गर्ने | | ३९४५।०० | ३९४५।०० |
| २२. | ➢ खाता अनुसार देखिएको बाँकी रकम रु ५,५३८/- बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | | |
| **२.९ सामाजिक परिचालन कोष विषेश खर्च खाता ( ग-५-७/०२) तर्फ** | | | | | |
| २३. | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु १६,६६,६९७/८१ बैंक स्टेटमेन्टको विवरण अनुसारनै रहेको देखिएको । | | | | |
| | | **जम्मा खर्च खाताहरुको बेरुजु रकम** | ३५३९३६।०० | ६१९७०।०० | ४१५९०६।०० |

३. **धरौटी**

| सि. नं. | भौ. नं. र मिति | विवरण | नियमित गर्नुपर्ने | असुल गर्नुपर्ने | जम्मा बेरुजु |
|---|---|---|---|---|---|
| २४. | ११–०६८/०६/१४ | भद्रपुर नगरपालिका वार्ड नं. १३ निवासी मनिषा मैनालीले मिति २०६७/१०/१७ रसिद नं. ४०३ वाट घर नक्सा पास वापत राखेको धरौटी रु ७,६५०/– योजना तथा प्राविधिक शाखाको सिफारिस अनुसार धरौटी फिर्ता भएको पाईन्छ तर सो धरौटी रकम सोही शाखाको च.नं. २५१४ मिति २०६८/०२/२६ को पत्रअनुसार भएको धरौटी खाताको भौचर नं. ५१ ( आ.व. २०६७/०६८ को ) वाट नगरपालिकाको आन्तरिक आम्दानीखातामा घर नक्सा पास वापतको आम्दानी शिर्षकमा सदरस्याहा भएको देखियो अतः एउटै धरौटी रकम एक पटक आम्दानी तथा पुन सम्बन्धित पक्षलाई फिर्ता के कसरी हुन्छ ? सो फिर्ता भएको रकम सम्बन्धित पक्षवाट असुल उपर गरि धरौटीमा आम्दानी गरि घर नक्सा पासको धरौटी रकमको हिसाव मिलान गर्ने गरि बेरुजु कायम गरिएको छ। | | ७६५०।०० | ७६५०।०० |
| २५. | ➢ आ.व. २०६८/०६९ को धरौटीको आर्थिक विवरण तथा धरौटी बाँकीको विस्तृत विवरण यसै साथ संलग्न अनुसूचीमा प्रस्तुत गरिएको छ।<br>➢ खाता अनुसार देखिएको बाँकी रकम रु ७८,६२,८०२/५६ मध्ये रु ७,७३,१९६ नगदमा तथा बैंकमा रु ७०,८९,६०६/५६ देखिएकोमा बैंक स्टेटमेन्टको विवरणमा रु ७१,०२,९३९/२३ रही विगतको लेखापरिक्षण प्रतिवेदन अनुसार<br>आ.व. ०६१/०६२ सम्ममा रु ६,५४३/५१<br>आ.व. ०६२/०६३ मा रु २,५२९/००<br>आ.व. ०६४/०६५ को मिति २०६४/०५/०६ मा रु ४,२००/००<br>आ.व. ०६५/०६६ को मिति २०६६/०२/२१ मा रु ५०/००<br>आ.व. ०६५/०६६ को बैंकमा बढी भएको रकम रु ०/०८<br>आ.व. ०६७/०६८ को मिति २०६७/०५/०१ मा रु १०/०८<br>➢ गरि जम्मा रु १३,३३२/६७ बैंकमा खाता भन्दा वढी बैंक मौज्दात रहेको देखिन्छ अतः सो रकम बेंक सँग उचित समन्वयन गरि आम्दानी गर्नु पर्नेमा कैफियत गरिन्छ। | | | | |

## ४. पेश्की

२६. विगत आ. व. भैंं यस आ. व. मा समेत गत विगतको विविध पेश्की रकमहरु सन्तोषजनक रुपमा फछ्र्यौट गरेको नपाइएको हुंदा तत्सम्बन्धमा ध्याकर्षण गराइएको छ ।

| विवरण | रकम रु. | | | | |
|---|---|---|---|---|---|
| | गतको अल्या | गत पे. फ. | गतको बांकी | चालु पेश्की | जम्मा बांकी |
| **कर्मचारी तर्फ** | **७९९०९२।००** | **७९९०९२।००** | **०।००** | **३३००००।००** | **३३००००।००** |
| चालु खर्च खाता | ५४०९२।०० | ५४०९२।०० | ०।०० | ०।०० | ०।०० |
| पूँजीगत खर्च खाता | ४६८०००।०० | ४६८०००।०० | ०।०० | ३३००००।०० | ३३००००।०० |
| वातावरण विकास कोष | १००००।०० | १०००००।०० | ०।०० | ०।०० | ०।०० |
| सामाजिक परिचालन कोष | २६७०००।०० | २६७०००।०० | ०।०० | ०।०० | ०।०० |
| **पदाधिकारी तर्फ** | **१२५९४७।१०** | **३६४३२।६०** | **८९५१४।५०** | **०।००** | **८९५१४।५०** |
| चालु खर्च खाता | ७१८५।०० | ०।०० | ७१८५।०० | ०।०० | ७१८५।०० |
| पूँजीगत खर्च खाता | ११८७६२।१० | ३६४३२।६० | ८२३२९।५० | ०।०० | ८२३२९।५० |
| **निर्माण व्यवसायी तर्फ** | **११३७११००।००** | **१०३५९०००।००** | **१०१२१००।००** | **४०३५३००।००** | **५०४७४००।००** |
| चालु खर्च खाता | १२१००।०० | ०।०० | १२१००।०० | ०।०० | १२१००।०० |
| पूँजीगत खर्च खाता | ११३५९०००।०० | १०३५९०००।०० | १००००००।०० | ३५२५३००।०० | ४५२५३००।०० |
| मर्मत सम्भार कोष | ०।०० | ०।०० | ०।०० | ५१००००।०० | ५१००००।०० |
| **उपभोक्ता समिति तर्फ** | **९९९७२९०।००** | **८३५७६९०।००** | **१६३९६००।००** | **१६१८५२१।००** | **३२५८१२१।००** |
| पूँजीगत खर्च खाता | ९९९७२९०।०० | ८३५७६९०।०० | १६३९६००।०० | १६१८५२१।०० | ३२५८१२१।०० |
| **अन्य विविध संघ सस्था तर्फ** | **२९५३५०।००** | **२९५३५०।००** | **०।००** | **२९६१२५।००** | **२९६१२५।००** |
| पूँजीगत खर्च खाता | २२७५००।०० | २२७५००।०० | ०।०० | १०६१२५।०० | १०६१२५।०० |
| क्षमताविकास कोष | ६७८५०।०० | ६७८५००।०० | ०।०० | ४००००।०० | ४००००।०० |
| सामाजिक परिचालन कोष | ०।०० | ०।०० | ०।०० | १५००००।०० | १५००००।०० |
| **कुल जम्मा** | *२२५८८७७९।१०* | *१९८४७५६४।६* | *२७४१२१४।५०* | *६२३९९४६।००* | *९०२११६०।५०* |

यसको विस्तृत विवरण यसै साथ संलग्न तलको अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## ५. जिन्सी

| | | | | |
|---|---|---|---|---|
| २७. | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ जिन्सी शाखावाट मालसामानहरु खरिद गर्दा खरिद आदेश तथा दाखिला रिपोर्टमा फाँटवाला( जिन्सी उपशाखा प्रमुख )को दस्तखत गरि आर्थिक प्रशासन शाखा प्रमुखको स्विकृति पश्चात बजेटको अवश्थाको लेखाजोखा मार्फत स्थानीय निकाय (आर्थिक प्रशासन ) नियमावली २०६४ को नियम ६१ अनुसारको अधिकार प्राप्त अधिकारी कार्यकारी अधिकृतको स्विकृति पश्चात मात्र मालसामान खरिद प्रक्रिया अघि वढाउनुपर्नेमा सो नगरि लेखा परीक्षणको क्रममा मालसानहरुको विल भुक्तानी गर्दा आर्थिक प्रशासन शाखावाट स्बिकृत बजेटको व्यवस्था उल्लेख नगरि भुक्तानी गरेको पाईयो अतः सो कार्यलाई निरुसाहित गरि नियमानुसार मालसामानहरु खरिद गर्न गराउन सुचित गरिन्छ ।<br>➢ जिन्सी मालसामानहरुको भुक्तानी गर्दाका भौचरहरु अध्ययन गर्दा नगरपालिकावाट हस्तान्तरण भएका मालसामानहरु जिन्सीको प्रक्रिया भन्दा बाहिर गएर जिन्सी रेकर्ड नराखी विल भुक्तानी भए गरेको पाईयो अतः नियमानुसार जिन्सी श्रेस्तालाई अध्यावधिक राख्न सुझाव समेत प्रस्तुत गरिन्छ ।<br>➢ यस भद्रपुर नगरपालिकाले आ.व. २०६८/०६९ को विभिन्न मितिमा विभिन्न मुल्यपर्ने ६२ थान रेनकोट खरिद गरि ७७,७००/– भुक्तानी गरेको सन्दर्भमा हाम्रो ध्यानआकर्षण भै खर्च मितव्ययिता सम्बन्धी व्यवस्थापन गर्न आवश्यक कार्यमा बाहेक यस प्रकारको खर्च बन्द गर्न गराउनहुन सुझाव प्रश्तुत गरिन्छ । | | | |

## ६. योजना संचालन तर्फ

| | | | | |
|---|---|---|---|---|
| २८. | ➢ लेखापरीक्षण कार्य गरिएको । बेरुजु नदेखिएको ।<br>➢ यस नगरपालिकाले संचालन गरेका योजनाशरु निरिक्षण गर्दा प्राय योजनाहरु सम्झौतामा तोकिएको समय सिमा भित्र सम्पन्न नभई म्याद थप गरि योजना सम्पन्न गर्ने गराउने गरेको पाईयो अतः सम्झौतामा तोकिएको समय सिमा भित्र योजना फरफारक गराउन कार्यालय अग्रसर रहन ध्यानआकर्षण गराईन्छ ।<br>➢ भद्रपुर नगरपालिकाले भारतिय राजदुतावासवाट निर्माणहुने योजनाहरु रेखदेख गर्न श्री विपिन कुमार चौधरीलाई मासिक ७५००/– रुद्र खतिवडा तथा सुवास खतिवडालाई मासिक रु ६७५०/– गरि रु १३५००/– समेत गरि जम्मा रु २१,०००/– भुक्तानी हुने गरि दैनिक हाजीरी फारम भरी कार्य सन्चालन गरेको सन्दर्भमा भारतिय राजदुतावासवाट निर्माण भएको योजनाहरु मध्ये बाटो कालोपत्रे गर्ने कार्य सम्पन्न भई सकेको जानकारी हुन आएको साथै कोल्ड स्टोरेज समेतको निर्माण कार्य हाल बन्द रहेको हुँदा नगरपालिकाको श्रोत अथवा कन्टीजेन्सी खर्च गरि बन्द भएको योजनाको सुपरिवेक्षण गर्ने गराउने काम बन्द गराउनुहुन नगरपालिकालाई सुचित गरिन्छ ।<br>➢ भद्रपुर नगरपालिका वार्ड नं. १ मा भारतिय राजदुतावासको सहयोगमा निर्माण भईरहेको कोल्डस्टोरेज निर्माणको लागि भद्रपुर नगरपालिका, भद्रपुर कृषक समुह र भारतिय राजदुतावास विच सन २०१०/०५/१३ गते त्रिपक्षिय लिखित सम्झौता भए बमोजिम भद्रपुर नगरपालिकावाट मिति २०६७/०२/२० गते प्रथम सुचना प्रकाशन गरि तोकिएको समयभित्र ३ निर्माण व्यवसायीहरुवाट पेश भएको बोलपत्रहरु प्रक्रिया पुरा नगरि दाखिला गरेको हुँदा बोलपत्र मूल्याङ्कन समिति तथा नगरपालिकाको मिति ०६७/०५/०१ गतेको बैठकवाट पुनः वोलपत्रको सूचाना प्रकासित गर्ने निर्णय भई मिति २०६७/०५/०७ गते दोश्रो पटक सूचना प्रकासन हुँदा तोकिएको समय भित्र सुनौना खिम्ती कन्ट्रक्सन प्रा.ली. आषिस/ जे/भी, एटलास/माहादेव खिम्ती जे/भी गरि ३ निर्माण व्यवसायीले पेश गरेको बोलपत्र | | | |

| | | | | |
|---|---|---|---|---|
| | २०६७/०७/२३ गते प्रतिनिधिको रोहवरमा खोली सुनौला खिम्ती कन्ट्रक्सन प्रा.ली. ले पेश गरेको न्यूनतम रु ४,१३,३७,३७४/९६ ( भ्याट सहित ) को आर्थिक प्रस्तावको बोलपत्र स्वीकृत गरि मिति २०६७/०८/२३ गते सम्झौता मार्फत मिति २०६८/११/२३ गते तथा सम्झौताको १५ महिनाभित्र कार्य सम्पन्न गर्ने गरि सो कोल्ड स्टोरेज निर्माण गर्ने काम सो सुनौला खिम्ती निर्माण व्यसायीलाई जिम्मा दिएको पाईन्छ ।<br>उपरोक्त प्रक्रिया बमोजिम बोलपत्र स्विकृत भै सम्झौता गरिएको सम्बन्धमा निर्माण व्यवसायी संघ, झापाको मिति २०६७/०८/१२ च.नं. २११ को पत्र मार्फत सार्वजनिक खरिद ऐन २०६३को दफा ४७(१) बमोजिम स्वीकृत भएको बोलपत्र हेर्न पाऊ भनि निवेदन पेश भएको तथा भद्रपुर नगरपालिका नगरवासीको तर्फवाट श्री नर बहादुर राईले सार्वजनिक खारिद ऐन २०६३ तथा स्थानीय निकाय ( आर्थिक प्रशासन ) नियमावली २०६४को भावना विपरित झुटा तथा वनावटी कागजात पेश गरि भष्ट्राचार निवारण ऐन २०५९ विपरित कार्य गरि सुनौला खिम्ती कन्ट्रक्सन प्रा.लि. को बोलपत्र स्वीकृत गरेको हुँदा कारवाहिको माँग गरि मिति २०६७/०८/२३ गते द.नं. ६५५१ वाट आयोगमा उजुरी दर्ता भै मिति २०६७/१०/१९ गते च.नं. ७३१ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट आवश्यक कागजातहरु न्गरपालिकावाट मागी अनुसन्धान भैरहेको साथै झापा जिल्ला प्रशासन कार्यालयको २०६७/८/१४ च.नं. २३६२ र २०६७/०९/१९ च.नं. २९७४ पत्रद्धारा सुनौला खिम्ती कन्ट्रक्सन प्रा.ली.को ठेक्का स्वीकृत गर्ने कारण सहितको प्रतिक्रिया पठाउने नगरपालिकालाई पत्रचार समेत गरेको पाईयो ।<br>भारतिय राजदुतावास, भद्रपुर नगरपालिका र भद्रपुर कृषक समुह बिच त्रिपक्षिय सम्झौता भए पनि समग्र ठेक्का प्रक्रियामा कृषक समुहको प्रतिनिधित्व नगराई नगरपालिका र ठेकेदार बिच सम्झौता भई उपरोक्त व्यहोरा अनुसारको निर्माण कार्य संचालन गरिएको भएपनि सम्झौतामा तोकिएको समयभित्र निर्माण कार्य नगरि २०६९ आषाढ मसान्त सम्म ८०.९२% रकम भुक्तानी लिई कोल्ड स्टोरेजमा जडान गर्नु पर्ने मेसिनरी सामानहरु जडान नगरि निर्माण व्यवसायी सम्पर्क विहिन भएकोले नगरपालिकावाट मिति २०६९/०९/०३ गतेको कान्तीपुर राष्ट्रिय दैनिक मार्फत सार्वजनिक सूचना प्रकाशन गरे पश्चात ठेकेदार सम्पर्कमा आए लिखित प्रतिवद्धता जनाए पनि निर्माणाधिन योजनाको स्थलगत निरिक्षण गर्दा कोल्ड स्टोरेजमा जडान हुने मेसिनरी औजारहरु जडान भएको पाईएन । साथै जिल्ला प्रशासन कार्यालय, झापा र अ.दु.अ.आयोगले सुनौला खिम्ती कन्ट्रक्सन प्रा.लि.ले बोलपत्रको लागि पेश गरेको आवश्यक कागजात तथा बोलपत्र स्वीकृत प्रक्रियाका अन्य विवरणहरु छानविनको लागि भद्रपुर नगरपालिकाले पठाएकोमा ताँहावाट कुनै निर्णय भै आएको समेत नपाईएको हुँदा सुनौला खिम्ती कन्ट्रक्सन प्रा.ली.को भुक्तानी दिदा कट्टा गरि राखिएको रिटेन्सन धरौटी रकम रोक्का राखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय प्राप्त भए पश्चात निर्णय बमोजिम गर्नु गराउनहुन सुचित गरिन्छ । | | | |

## ७. बेरुजु फछ्र्यौट तर्फ

| | | | | |
|---|---|---|---|---|
| २९. | ➢ यस नगरपालिकाले गत विगत आर्थिक वर्षमा संचालन गरेको आर्थिक कारोवारहरुको लेखापरीक्षणवाट रु ९,३३,७६२/७३ वेरुजु रहेको पाईयो जसलाई स्थानीय निकाय (आर्थिक प्रशासन ) नियमावली २०६४ को नियम २०५,२०६,२०७,२०८,२०९ को प्रक्रिया पुरा गरि फछ्यौटको कारवाहि गर्न गराउन सूचित गरिन्छ । | | | |
| | आर्थिक वर्ष २०६८/०६९ को कुल बेरुजु रकम | ३५३९३६।०० | ६९६२०।०० | ४२३५५६।०० |

# वार्षिक आर्थिक विवरण एवम् अनुसूचीहरु

## आ. व. ०६८/६९

१) आ.व. ०६८/०६९ को एकिकृत बार्षिक आय व्यय विवरण —— अनुसूची-१
२) आ.व. ०६८/०६९ सम्ममा लेखापरीक्षणवाट देखिएका बेरूजु रकमको विवरण —— अनुसूची-२
3) आ.व. ०६८/०६९ को आम्दानीको विवरण —— अनुसूची-3
४) आ.व. ०६८/०६९ को खर्चको विवरण —— अनुसूची-४
५) आ.व. ०६८/०६९ सम्मको फछ्यौट हुन बाँकीको पेश्की हिसाव विवरण —— अनुसूची-५
६) औषधी उपचार सापटीको विवरण —— अनुसूची-६
७) भुक्तानी दिन बाँकीको विवरण —— अनुसूची-७
८) धरौटीको आर्थिक विवरण —— अनुसूची-८
९) धरौटी बाँकीको नामनामेशी विवरण —— अनुसूची-९
१०) जिन्सी मैज्दातको बार्षिक विवरण —— अनुसूची-१०
११) २०६८ साल सम्मको कर्मचारीहरूको संचित घर तथा विरामी विदाको विवरण —— अनुसूची-११
१२) आ.व. २०६८/०६९ मा संचालन भएका योजनाहरूको विवरण —— अनुसूची-१२

अनुसूचि - १

# १. आ.व. २०६८/०६९ को एकिकृत वार्षिक आय व्यय विवरण

*( नियम १८ को उपनियम (१) को खण्ड (न) नियम ३९ को उपनियम (१) को खण्ड (ब) र नियम ६० को उपनियम (१) को खण्ड (फ) संग सम्बन्धित )*

🏱⬧☹⬧☯⧫ ♑♐●♓♐❀⬧ ♍♐◻ ☺◻◻ ●♑♑✍☽♐ 🗀⌛🖰⬀⌛✍

| सि. नं. | आय शिर्षक | रकम | जम्मा रकम | सि. नं. | व्यय शिर्षक | | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | १२९१६७१७\|९४ | १ | बजेट खर्च | | ८९२८६९७६\|२८ |
| | चालु आम्दानी खाता | ५२२९\|१९ | | १.१ | चालु तथा प्रशासनीक खर्च | १०७०४४८३\|४३ | |
| | पूजिगत आम्दानी खाता | ६०५८५\|८५ | | १.२ | पूंजीगत तथा कार्यक्रम खर्च | ७८५८२४९२\|८५ | |
| | आम्तरिक आम्दानी खाता | ८५४०४\|१३ | | २ | धरौटी खर्च | | ४०१०२३१\|५९ |
| | दातृ निकाय तथा अन्य संघ सस्था आम्दानी खाता | १०६७३०६८\|११ | | ३ | अन्तिम बैंक/नगद मौज्दात | | ७९६४६३०\|०९ |
| | कर्मचारी कल्याण कोष | ५१३३८\|०७ | | | चालु आम्दानी खाता | ३\|१९ | |
| | मर्मत सम्भार कोष | ४७९०१\|७८ | | | पूजिगत आम्दानी खाता | १६३७४७२\|६७ | |
| | स्थानीय विकास घुम्ती कोष | १०५२७०\|०० | | | आम्तरिक आम्दानी खाता | ६३८००५\|६९ | |
| | प्राकृतिको प्रकोप व्यवस्थापन कोष | २५००००\|०० | | | दातृ निकाय तथा अन्य संघ सस्था आम्दानी खाता | २७४१३४५\|४७ | |
| | मानव संसाधन/क्षमता विकास कोष | ६७१६०\|०० | | | कर्मचारी कल्याण कोष | ७०१३३८\|०७ | |
| | वातावरण विकास कोष | ५१३३\|०० | | | मर्मत सम्भार कोष | ४२६४९\|१९ | |
| | गरिवी निवारण तथा सामाजिक परिचालन | १५६५६२७\|८१ | | | स्थानीय विकास घुम्ती कोष | १०५२७०\|०० | |
| | धरौटी खाता ( गतको जिम्मेवारी ) | | ५८१४१२९\|९१ | | प्राकृतिको प्रकोप व्यवस्थापन कोष | २५००००\|०० | |
| २ | यो वर्षको आय | | ८३३८९९३८\|४३ | | मानव संसाधन/क्षमता विकास कोष | १७६३१०\|०० | |
| २.१ | आन्तरिक स्रोत | ८५८५२२७\|४३ | | | वातावरण विकास कोष | ५५३८\|०० | |
| २.२ | बाहय श्रोत | ७४८०४७११\|०० | | | गरिवी निवारण तथा सामाजिक परिचालन | १६६६६९७\|८१ | |
| २.३ | धरौटी | | ६०५८९०४\|२४ | | धरौटी खाता | | ७८६२८०२\|५६ |
| २.४ | कर्मचारी कल्याण कोष ( वजेट खर्च भई आम्दानी ) | | ६५००००\|०० | ४ | सापटि फिर्ता तथा सोधभर्ना भुक्तानी | | ७०००००\|०० |
| २.५ | अन्य सापटि तथा सोधभर्ना आम्दानी | | ९९२५००\|०० | ५ | अग्रीम आयकर कट्टी रकम दाखिला गर्न बाकी रकम | | (२४५०\|०० |
| | जम्मा | | १०९८२२१९०\|५२ | | जम्मा | | १०९८२२१९०\|५२ |